# २०८१ पुस २३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | २०८१ माघ २८ देखि ३० गतेसम्म फिलिपिन्सको मनिलामा सञ्चालन हुने Workshop on Enhancing SAI-CSO Engagement in the ASOSAI Region कार्यक्रममा सहभागी हुन उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीलाई स्वीकृति प्रदान गर्ने। |
| 2 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८१ पुस २६ र २७ मा काठमाडौंमा हुने नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समितिको बैठकमा हुने वार्ता तथा छलफलको कार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| 3 | गृह मन्त्रालय | सशस्त्र प्रहरी नायव महानिरीक्षकहरू श्री कमल गिरी, श्री गणेश बहादुर ठाडा मगर, श्री कुल बहादुर नेम्वाङ्ग र श्री शम्भु सुवेदीको १ वर्ष पदावधि थप गर्ने। |
| 4 | वन तथा वातावरण मन्त्रालय | २०८१ फागुन १२ देखि १५ गतेसम्म इटालीको रोममा आयोजना हुने जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रममा सहभागी हुन माननीय वन तथा वातावरण राज्यमन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| 5 | सहरी विकास मन्त्रालय | सहसचिव श्री विष्णुप्रसाद शर्मालाई विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको कार्यकारी निर्देशकको रूपमा काम गर्ने गरी काजमा खटाउने। |
| 6 | नेपाल परराष्ट्र सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा परराष्ट्र मन्त्रालयका कायम मुकायम सचिव श्री अमृतबहादुर राईलाई बढुवा गरी परराष्ट्र मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने। | |